# इस्मा गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड - २, संख्या -७, मंसिर ११ गते, २०७५ साल

भाग - २

## ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७५

### १. परिचय

जेष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, र अनुभवको सदुपयोग गरि निजहरु प्रति श्रद्दा, आदर तथा सद्भाव अभिबृद्धी गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधान, २०७२ को अनुसूची -८ को क्र.सं. १६, स्थानीय सरकार संचालन ऐन २०७४ अन्तर्गत इस्मा गाउँ कार्यपालिकाले यो ज्येष्ठ नागरिक परिचय पत्र निर्देशिका २०७४ जारी गरिएको छ ।

### २. परिचय पत्र वितरणको आधार :

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने लगायत ज्येष्ठ नागरिक परिचय पत्र वितरणका आधार हुनेछ ।

**३. उद्देश्य:**

(क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

(ख) नेपालको संबिधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिस्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

(ग) प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय,अधिकार र समानताप्रदान गरी निजहरुमा रहेको ज्ञान,सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी  गराउने ।

**४. लक्षित वर्ग:** ज्येष्ठ नगरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी बर्ष उमेर पुरा गरेका सबै नागरिकहरु ।

**५. ज्येष्ठ नागरिकको वर्गीकरण :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहाय बमोजिम गरिएको छ:

(क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,

(ख) सत्तरी वर्ष उमेर पूरा गरेको बरिष्ठ ज्येष्ठ नागरिक,

(ग) असहाय ज्येष्ठ नागरिक,

(घ) अशक्त ज्येष्ठ नागरिक,

**६. परिचय–पत्रवितरणका मापदण्डः**

ज्येष्ठनागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम सठीवर्ष उमेर पुगेका नेपाली नागरिकलाई मात्र ज्येठ नागरिक परिचय–पत्रप्रदानगर्न सकिने छ ।

**७. ज्येष्ठनागरिक परिचय–पत्रको ढाँचाः**

ज्येष्ठनागरिक सम्बन्धी नियमावली २०६५ को अनुसुची ३ बमाजिमको ढाँचलाई नै अधार मानी ज्येष्ठनागरिक परिचय–पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची १ बमोजिम हुनेछ । ज्येष्ठनागरिक परिचय–पत्रको आकार (Size) नेपाली नगरिताको प्रमाण–पत्रको अकार बराबरको हुनेछ ।

**८.परिचय–पत्र वितरण प्रक्रिया :**

(क) ज्येष्ठनागरिक परिचयपत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठनागरिक स्वयम् वा निजको संरक्षकले गाउँ कार्यपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(ख) निववेदमा अफनो उमेर खुलेको नागरिताको प्रमाण–पत्रको प्रतिलिपि र दुई प्रतिअटो सइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजको लगि नागरिताको प्रमाण–पत्रलाई आधार मानिनेछ ।

(ग)ज्येष्ठ नगरिक परिचय–पत्र प्रदानगर्ने अधिकारी प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको पदाधिकारी हुनेछ ।

(घ) परिचयपत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत तोकिए बमोजिमको सफ्टवेरमा कम्प्युटराइज गरि गाउँपालिकाको कार्यालयमा राखीवर्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकरी पठाउने छ ।

(ङ) ज्येष्ठनागरिक परिचय–पत्रको प्रतिलिपिलिन सम्बन्धित प्रहरी कार्यलयको सिफारिश वा वडाको सिफारिश सहित सम्बन्धित स्थनीय तहमा निवेदन पेस गर्नुपर्ने छ ।

**९. विविधः**

(क) ज्येष्ठ नागरिक परिचय पत्र वितरणका लागि सम्बन्धित गाउँकार्यपालिकाले वडा कार्यालयमा अधिकार प्रत्यायोजन गर्न सक्ने छ । (ख) ज्येष्ठ नागरिक परिचयपत्र वितरण सम्बन्धमा माथि उल्लिखित व्यवस्थाबाहेक प्रचलित कानुनको अधिनमा रही प्रमुख प्रशासकीय अधिकृतले निणर्य गरे वमोजिम हुनेछ ।

## अनुसूची- १

## ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा

### ज्येष्ठ नागरिक परिचय-पत्र

प्र.प.नं. :

नाम थर:

ना.प्र.नं.:............................

ठेगाना: जिल्ला........गा.पा./न.पा.:.......

वडा नं.....टोल/गाउँ........

उमेर.........लिङ्ग...........

उपलब्ध छुट तथा सुविधाहरु :........

पति/पत्नीको नाम:.............

हेरचाह केन्द्रमा बसेको भए सो को बिबरण:...........

संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, सम्पर्क नं.:.......................................

रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम:

..................................................................................................

**<u>प्रमाणित गर्ने अधिकृतको :-</u>**

दस्तखत :

नाम थर :

पद :

कार्यालय :

k|df0fLs/0f ldlt M @)&%÷)*÷!!

cf1fn],
rGb|sft a:g]t
k|d'v k|zf;sLo
clws[t